# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- २८**

मिति २०८१।०२।०५

## छलफल तथा निर्णय

**निर्णय :**

१. सुदूरपश्चिम प्रदेश सरकार आगामी आर्थिक वर्षको बजेटको तयारीमा रहेकोले विगतका वर्षहरुमा देखिएका कमी कमजोरीहरुलाई सुधार गरी प्रदेशका जनता र समग्र प्रदेशको हित हुने गरी सर्वस्विकार्य नीति तथा कार्यक्रम तय गरी बजेट ल्याउनुपर्ने तर्फ सरकारको ध्यान पुगोस भन्ने हेतुले समितिको तर्फबाट सुझाव प्रदान गर्नका लागि माननीय मुख्यमन्त्रीज्यूले मिति २०८१।०२।०७ गते दिउसो १:०० बजे समय उपलब्ध गराउनु भएकोले उक्त समयमा समितिका सम्पुर्ण सदस्यहरु उपस्थित हुने व्यवस्थाका लागि सचिवले आवश्यक व्यवस्था मिलाउने ।

२. बैठकमा भौतिक पुर्वाधारको क्षेत्रसँग सम्बन्धित विभिन्न सवालहरु उपर माननीय सदस्यज्यूहरुबाट गम्भिर प्रश्नहरु र मन्त्रालयको कामकारवाही प्रति तिव्र असन्तुष्टि उत्पन्न भएको विषय विशेष रुपमा उठान भएकोले तत्सम्बन्धमा छलफल गरी समितिको आधिकारिक धारणा समितिको अर्को बैठकमा तय गरिने निर्णय गरियो ।

३. समितिको अर्को बैठक मिति २०८१।०२।०८ गते विहान ०८:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि आजको बैठक स्थगित गरियो ।